# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं कार्तिक ६ गते २०२४ साल [ संख्या २७


श्री ५ को सरकार

### अर्थ–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको "विक्री कर नियमहरू, २०२४" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### विक्री कर नियमहरू, २०२४

विक्री कर ऐन, २०२३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. **संक्षिप्त नाम र प्रारम्भः–** (१) यी नियमहरूको नाम "विक्री कर नियमहरू, २०२४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. **परिभाषाः–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) 'ऐन' भन्नाले विक्री कर ऐन, २०२३ सम्झनु पर्छ,

(ख) 'अनुसूची' भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ।

३. **विक्रेताको नाम दर्ता गर्ने र प्रमाणपत्र दिनेः–** (१) ऐनको दफा ४ को उप-दफा (१) बमोजिम प्रत्येक विक्रेताले विक्रेताको रूपमा आफ्नो नाम दर्ता गर्न सम्बन्धित कर अफिसर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समक्ष निवेदन दिंदा अनुसूची १ बमोजिमको ढाँचामा दिनु पर्छ । त्यस्तो निवेदन दिंदा दर्ता हुने अघिल्लो दिनसम्म के कति माल सामानमा कर भुक्तान गरी वा नगरी ल्याएको छ त्यसको फाँटवारीसमेत पेश गर्नुपर्छ ।

(२) उप-नियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित कर अफिसरले पनि ऐनको दफा ४ को उप–दफा (२) बमोजिम बिक्रेताको रूपमा नाम दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्छ । बिक्रेताले प्राप्त गरेको प्रमाणपत्र सबैले देख्ने गरी आफ्नो बिक्री स्थानमा राख्नु पर्छ ।

(३) बिक्रेताको नाम दर्ता गर्दा सम्बन्धित कर अड्डाले आफ्नो अड्डा रहेको मुख्य-स्थानको संकेत गर्नको लागि त्यस्तो स्थानको नामको शुरु अक्षर राखी दर्ता गरी प्रमाण-पत्रको संख्या कायम गर्नुपर्छ । त्यसरी कायम गरिएको साङ्केतिक अक्षरसहितको संयुक्त संख्यालाई बिक्रेताको दर्ता-क्रम संख्या मान्नु पर्छ ।

(४) यी नियमहरू प्रारम्भ हुनुभन्दा अघि दर्ता भइसकेका बिक्रेताहरूको लगत यी नियमहरू प्रारम्भ भएको एक महीनाभित्र र यी नियमहरू प्रारम्भ भइसकेपछि दर्ता हुने बिक्रेताहरूको लगत दर्ता भएको ७ दिनभित्र कर अफिसरले सम्बन्धित भन्सार अड्डा र अरू अञ्चलका कर अड्डाहरूमा पठाइसक्नु पर्छ ।

(५) ऐनको दफा ४ को उप-दफा (६) बमोजिम दर्ता खारेज गर्दा देहायबमोजिम गर्नुपर्छः–

(क) बिक्री कर नतिरी ल्याएका माल सामानको मौज्दात लिनु,

(ख) माल सामानको मौज्दात लिएकै दिन त्यस्तो मौज्दातमा लाग्ने बिक्री करको अङ्क कायम गरी सो दाखिल गर्नलाई साधारणतः एक महीनाको म्याद दिनु, र

(ग) बिक्रेतालाई दिएको प्रमाणपत्रमा आजदेखि यो प्रमाणपत्र बदर गरिएको छ भन्ने व्यहोरा जनाई सोही दिन बदर गरिदिनु ।

(६) दर्ता भएका बिक्रेताले पहिले दर्ता भएको आफ्नो फर्म वा कम्पनीको नाम ठेगाना बदल्न चाहेमा कर अफिसर समक्ष निवेदन दिनु पर्छ । कर अफिसरले पनि त्यस्तो निवेदनमा आवश्यक जाँच–बुझ गरी दर्ता किताबमा त्यसको व्यहोरा जनाई प्रमाणपत्रमा संशोधन गर्नु वा नयाँ प्रमाणपत्र दिनु पर्छ ।

४. माल सामानको मौज्दातको विवरण दिनु पर्नेः– (१) ऐनको दफा ७ को उप–दफा (१) बमोजिम दर्ता नभएको बिक्रेताले आफूसंग मौज्दात रहेको माल सामानको विवरण अनुसूची ३ बमोजिमको ढाँचामा सम्बन्धित कर अफिसर समक्ष दिनु पर्छ ।

(२) ऐनको दफा ७ को उप–दफा (३) मा उल्लिखित दर्ता नभएको बिक्रेता र बिदेशबाट आउने अस्थायी बिक्रेताले माल सामान पैठारी गरी विवरण दाखिल गर्दा अनुसूची

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ बमोजिमको ढांचामा सम्बन्धित कर अफिसर वा भन्सार अड्डाको प्रमुख समक्ष दाखिल गर्नुपर्छ ।

५. माल सामान बिक्री भएको फांटवारी दाखिल गर्नेः– (१) बिक्रेताले ऐनको दफा ८ को उप–दफा (१) बमोजिम मासिक र वार्षिक फांटवारी दाखिल गर्दा क्रमशः अनुसूची ५ (क) र अनुसूची ५ (ख) बमोजिमको ढांचामा सम्बन्धित कर अफिसर कहां दाखिल गर्नुपर्छ ।

(२) बिक्रेताले ऐनबमोजिम बिक्री कर लिनु नपर्ने व्यक्तिलाई बिक्री गरेको मालसामानको सम्बन्धमा मासिक र वार्षिक फांटवारी क्रमशः अनुसूची ६ (क) र अनुसूची ६ (ख) बमोजिमको ढांचामा सम्बन्धित कर अफिसर कहां दाखिल गर्नुपर्छ ।

(३) ऐनको दफा ८ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए-बमोजिम फांटवारी दाखिल गर्दा अनुसूची ७ बमोजिमको ढांचामा दाखिल गर्नुपर्छ ।

(४) उप-नियम (१) बमोजिम मासिक फांटवारी दाखिल गर्दा बिक्री कर भुक्तान गरी ल्याएको माल सामानको सम्बन्धमा बिक्री गरी असूल भएको बिक्री कर बिक्रेताले मासिक फांटवारीमा कट्टा गरी बाँकी बिक्री कर मात्र दाखिल गर्न सक्ने छ ।

(५) बिक्रेताले अन्य कर अफिसरको कार्यक्षेत्रभित्र पर्ने बिक्रेतालाई माल सामान बिक्री गरी मासिक फांटवारी दाखिल गरेमा सो मासिक फांटवारी प्राप्त गर्ने कर अफिसरले त्यस्तो माल सामान बिक्री भएको सूचना यथाशीघ्र सम्बन्धित कर अफिसरलाई दिनु पर्छ ।

६. करको निर्धारण र दाखिल गर्नेः– (१) कर अफिसरले ऐनको दफा ६ को उप-दफा (३) बमोजिम वार्षिक कर निर्धारण गर्दा अनुसूची ८ बमोजिमको ढांचामा निर्धारण गर्नुपर्छ ।

(२) नियम ५ को उप-नियम (४) बमोजिम बिक्रेताले दर्ता हुने मितिको अघिल्लो दिनसम्म भुक्तान गरी ल्याएको बिक्री कर कट्टा गरी पेश गरेको मासिक फांटवारीको सम्बन्धमा कर अफिसरले उप-नियम (१) बमोजिम वार्षिक कर निर्धारण गर्दा मिलाइदिनु पर्छ ।

(३) ऐनको दफा १४ बमोजिम बिक्री कर असूल गर्दा भन्सार महसूल र अन्तःशुल्क असूल गरिने रसीद मैं बिक्री कर जनाई असूल उपर गर्नुपर्छ र त्यसको हिसाब छुट्टा छुट्टै राखी अनुसूची ९ मा तोकिएको ढांचामा मासिक बिवरण सम्बन्धित कर अड्डामा पठाउनु पर्छ ।

(४) ऐनको दफा ६ बमोजिम बिक्री कर दाखिल गर्ने बिक्रेताले करको रकम बैङ्क वा माल अड्डामा बुझाउने भाउचरहरूमा कर अफिसरको सहिछाप नभए पनि कर अड्डा-बाट प्राप्त प्रमाणपत्रको संख्यासूचक– संख्याको स्थानमा राखी फलाना महीनाको कर वा मौज्दात माल सामानको कर भन्ने स्पष्ट खुलाई दाखिल गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. विक्री गर्दा रसीद दिनुपर्नेः– (१) दर्ता भएको विक्रेताले माल सामान विक्री गर्दा रसीद दिनुपर्छ। त्यस्तो रसीदको क्रम–संख्या विक्रेताले मानिआएको आर्थिक वर्ष समाप्त भएपछि फेरि १ (एक) को क्रमबाट शुरू गर्नुपर्छ।

(२) उप-नियम (१) बमोजिम दिइने रसीदमा विक्रेता, (व्यक्ति, फर्म वा कम्पनी) को नाम, ठेगाना, प्रमाणपत्रको दर्ता नम्बर, ग्राहकको नाम, ग्राहक दर्तावाला विक्रेता भए निजको प्रमाणपत्रको दर्ता नम्बर र रसीद नं. का अतिरिक्त देहायका कुराहरू खुलेको हुनु पर्छः–

(क) मालको विवरण, दर, र परिमाण,
(ख) कूल मालको मूल्य,
(ग) लागेको विक्री कर, र
(घ) जम्मा मूल्य (विक्री करसमेत)।

(३) कुनै विक्रेताले माल सामान विक्री गर्दा रसीद दिनुपर्नेमा नदिई कर छल्ने प्रयास गरेको छ छैन त्यसको जाँच–बुझ बराबर कर अफिसरले गर्नुपर्छ।

८. कूटनैतिक सुविधा प्राप्त व्यक्तिको सम्बन्धमाः– (१) ऐनको दफा २७ को उप-दफा (१) को खण्ड (ख) को प्रयोजनका लागि नेपाल अधिराज्यस्थित कूटनैतिक सुविधा प्राप्त व्यक्तिले प्रमाणपत्रको लागि परराष्ट्र मन्त्रालयमा आवेदन दिनु पर्छ।

(२) उप-नियम (१) बमोजिमको आवेदन प्राप्त भएपछि परराष्ट्र-मन्त्रालयले आवेदक कूटनैतिक सुविधा प्राप्त व्यक्ति हो होइन यकिन गरी अनुसूची १० बमोजिमको प्रमाणपत्रको फाराम भरी अर्थ–मन्त्रालय, कर विभागमा पठाउनु पर्छ।

(३) अर्थ-मन्त्रालय, कर विभागले पनि उप-नियम (२) बमोजिम प्राप्त प्रमाण-पत्रको फारामलाई प्रमाणित गरी परराष्ट्र-मन्त्रालय मार्फत् सम्बन्धित व्यक्तिलाई दिनु पर्छ।

(४) उप-नियम (३) बमोजिमको प्रमाणपत्र प्राप्त व्यक्ति आफैं आएमा प्रमाण-पत्रमा भएको फोटो भिडाई र आफैं नआई आफ्नो दस्तखत भएको पत्रसहित प्रमाणपत्र अरू कसैलाई पठाएमा प्रमाणपत्रमा भएको नमूना दस्तखत र पत्रको दस्तखत भिडाई मात्र विक्री कर छूट् दिई विक्री गर्नुपर्छ। विक्रेताले दिने रसीदमा विक्रेता र सम्बन्धित व्यक्ति दुवैको दस्तखत र प्रमाणपत्रको संख्या उल्लेख हुनु पर्छ।

९. करसम्बन्धी मुद्दाको वहस पैरवी गर्नेः– कर अड्डाले गरेको विक्री कर निर्धारण र ऐन तथा नियमहरू बमोजिम कर अड्डाले गरेको कारवाइको विरुद्ध कुनै व्यक्तिले प्रचलित नेपाल कानूनबमोजिम उजूर अपील वा कुनै किसिमको दावी गरेमा पनि त्यस्तो कर सम्बन्धित मुद्दाको वहस पैरवी सरकारी वकिलसम्बन्धी नियमावली, २०१७ (संशोधन सहित) को नियम ३२ को अधीनमा रही सम्बन्धित जिल्लास्थित सरकारी वकिलले सो

३८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वहस पैरवी गर्ने सम्बन्धमा प्रकाशित सरकारी आदेश तथा सूचनाबमोजिम वहस पैरवी गर्नु पर्छ र त्यस्तो मुद्दाको वहस पैरवी निमित्त जिल्लास्थित सरकारी वकिललाई आवश्यक सहयोग दिनु पनि कर अफिसरको कर्तव्य हुने छ।

१०. ऐनको दफा २५ बमोजिम दिएको सूचनाको जांच-बुझः– ऐनको दफा २५ बमोजिम कुनै व्यक्तिले सम्बन्धित कर अफिसर छेउ सूचना दिएकोमा कर अफिसरले त्यस्तो सूचना दिने व्यक्तिलाई सनाखत गरी निजसंग रहेको सबूद प्रमाण सबै बुझ्ने छ। सूचना गर्ने व्यक्ति आफै वा निजको वारेस उपस्थित हुन नआएमा सम्बन्धित कर अफिसरले आफ्ना कर्मचारीद्वारा वुझ्न लगाउने छ। यसरी बुझी आएको व्यहोरा वा कारवाइचलाउन पर्ने भन्ने सम्बन्धित अफिसरको चित्तमा लागेमा निजले आवश्यक कारवाइ चलाउने छ। कारवाइ चलाउन पर्याप्त प्रमाण छैन भन्ने लागेमा छोट्करीमा आफ्नो राय व्यक्त गरी अर्थ–मन्त्रालय कर विभागमा पठाउनु पर्छ।

३८५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

नियम ३ को उप–नियम (१) संग सम्बन्धित विक्रेताको रूपमा

नाम दर्ता गर्ने

निवेदनपत्र

१. व्यक्ति, फर्म वा कम्पनी को नाम........................................................................

२. ठेगाना ........................................................................................................

३. व्यापारको किसिम.........................................................................................

४. मालिक वा प्रोप्राइटर वा संचालक (मुख्य व्यक्ति) को नाम..................................

५. मालिक वा प्रोप्राइटर वा संचालक (मुख्य व्यक्ति) को ठेगाना..........................

श्री कर अफिसर,

..............................अड्डा ।

महोदय,

मैले । हामीले..................................साल...............महीना...........गतेमा विक्रीस्थान खोलेकोले, विक्री कर ऐन, २०२३ को दफा ४ को उप-दफा (१) बमोजिम यो निवेदनपत्र पेश गर्न आएको छु । का छौं ।

अतः उक्त ऐनबमोजिम मलाई । हामीलाई विक्रेताको रूपमा दर्ता गरी त्यसको प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु । छौं । प्रमाणपत्र प्राप्त भएमा दर्ता भएको विक्रेताको रूपमा विक्री कर ऐन, २०२३ र विक्री कर नियमहरू बमोजिम पालन गर्नुपर्ने कर्तव्य पूरा गर्नेछु । छौं । सोबमोजिम कर्तव्य पालना नगरेमा सो ऐन र नियमहरू बमोजिम सहुंला बुझाउंला ।

भवदीय,

मितिः–.........................

सही......................

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ३ को उप–नियम (२) संग सम्बन्धित)

विक्रेताको प्रमाणपत्र

श्री ५ को सरकार

अर्थ–मन्त्रालय

कर विभाग

................. अड्डा

बिक्री कर दर्ता संख्या........... मिति........................

बिक्री कर असूल गर्न निम्नलिखित व्यक्ति (फर्म) कम्पनीलाई दर्ता गरी यो प्रमाण-पत्र दिइएको छः–

(१) व्यक्ति, फर्म वा कम्पनीको नाम...........

(२) व्यक्ति, फर्म वा कम्पनीको ठेगाना..........................

(३) व्यापारको किसिम

(४) मालिक वा प्रबन्धक वा संचालक (मुख्य व्यक्ति) को नाम, थर, दर्जाः–

(५) मालिक वा प्रबन्धक वा संचालक (मुख्य व्यक्ति) को ठेगाना................................

अड्डाको छाप

कर अफिसरको दस्तखत.....................

३८६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– ३

(नियम ४ को उप–नियम (१) संग सम्बन्धित)

मौज्दात रहेको माल सामानको विवरण

व्यक्ति फर्म वा कम्पनीको नामः–. ... ... ... ... ... ...

ठेगाना......................................................

श्री कर अफिसर,

२०२ साल महीना............गतेका दिनमा म । हामीसंग मौज्दात रहेको विक्री कर लाग्ने माल सामान निम्नबमोजिम खुलाई पेश गरेको छु । छौं:–

| क्र. सं. | विक्री कर लाग्ने माल सामानको नाम | परिमाण | दर | कूल मूल्य (विक्री कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपर्युक्तबमोजिम विक्री कर लाग्ने माल सामानको विवरण ठीक साँचो हो । यस विवरणमा लेखिएको माल सामान बाहेक विक्री कर लाग्ने अन्य माल सामान मेरो । हाम्रो विक्रीस्थानमा छैन । झुट्टा ठहरे विक्री कर ऐन, २०२३ र विक्री कर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउँला ।

भवदीय,

मितिः– सही......................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ४

(नियम ४ को उप–नियम (२) संग सम्बन्धित)

वर्ता नभएका बिक्रेता र विदेशबाट आउने अस्थायी बिक्रेताले विदेशबाट पैठारी गरेको माल सामानको विवरण

व्यक्ति फर्म वा कम्पनीको नामः–........................

ठेगानाः–.................................

श्री कर अफिसर,

........................अड्डा ।

महोदय,

मैले । हामीले बिक्री गर्न (विदेशबाट) माल सामान पैठारी गरेकोले त्यसको विवरण निम्न लेखिएबमोजिम तपाईंलाई पेश गरेको छु । छौं ।

| क्र.सं. | बिक्री कर लाग्ने माल सामानको नाम | परिमाण | दर | कूल मूल्य (बिक्रीकर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपर्युक्तबमोजिम बिक्रीकर लाग्ने माल सामानको विवरण ठीक सांचो छ । यस विवरणमा लेखिएका सामान बाहेक बिक्री कर लाग्ने अन्य माल सामान पैठारी गरेको छैन । झुट्टा ठहरे बिक्री कर ऐन, २०२३ वा बिक्रीकर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउँला ।

भवदीय

मितिः–

सही...................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ५ (क)

(नियम ५ को उप-नियम (२) संग सम्बन्धित

### मासिक फांटवारी

व्यक्ति फर्म वा कम्पनी को नामः–...................

ठेगानाः–..................................

द. सं...........................................

श्री कर अफिसर,

..............................अड्डा ।

महोदय,

बिक्रीकर ऐनको दफा ८ को उप–दफा (१) अनुसार मैले । हामीले २०२ साल महीनामा बिक्री गरी कर असूल गरेको मासिक फांटबारी निम्न लेखिए बमोजिम छः–

| रसीद नं. | | बिक्रीकर लाग्ने मालसामानकोमोल | | | | बिक्री कर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु | आखिरी | प्र. श. ले. लाग्ने | | प्र. श. ले लाग्ने | | प्र. श. ले लाग्ने | | जम्मा | | कैफियत |
| | | मोल | कर | मोल | कर | मोल | कर | मोल | कर | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

उपर्युक्त बमोजिम जम्मा बिक्रीकर रु..... अक्षरेपि.... मिति......... मा............बैंक । माल अड्डामा दाखिल गरिसकेको छु । छौं । र सो को निस्सा नक्कल १ (एक) प्रति यसैसाथ छ । यस फांटवारीमा लेखिए बमोजिमको व्यहोरा ठीक सांचो छ । झुट्टा ठहरेमा बिक्रीकर ऐन, २०२३ र बिक्रीकर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउंला ।

भवदीय,

मितिः–.................. सही...............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

## अनुसूची ५ (ख)

(नियम ५ को उप-नियम (१) संग सम्बन्धित)

### वार्षिक फांटवारी

व्यक्ति, फर्म वा कम्पनीको नामः–............................

ठेगानाः–........................

द. सं.....................................

श्री कर अफिसर,

....................अड्डा ।

महोदय,

बिक्रीकर ऐन, २०२३ को दफा ८ को उप–दफा (१) अनुसार मैले । हामीले पेश गर्नुपर्ने मिति २०२ देखि मिति २०२......................तक वर्ष १ को बिक्रीकर असूल गरी बिक्री गरेको माल सामानको फांटवारी निम्न लेखिएबमोजिम भएकोले पेश गरेको छु । छौं । यसमा सो ऐनबमोजिम बिक्री कर निर्धारण होस् र बिक्री कर नलाग्ने भए सोहीबमोजिमको सूचना पाऊँ र बिक्री कर लाग्ने भए त्यस अड्डाको लिखित आदेश प्राप्त भएपछि सोही आदेशमा लेखिएबमोजिम बुझाउने छु । छौं ।

| शुरूको मौज्दात | महीना | कर लाग्ने मालसामानको जम्मा मोल (बिक्री कर बाहेक) | | | | प्र. श. ले. लाग्ने | | जम्मा | | बाँकी मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र. श. ले. लाग्ने | | प्र. श. ले. लाग्ने | | | | | | | |
| | | मोल | कर | मोल | कर | मोल | कर | मोल | कर | | |
| | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

उपर्युक्त उल्लेख गरेको व्यहोरा ठीक छ । फरक ठहरे बिक्रीकर ऐन, २०२३ र बिक्रीकर नियमहरू, २०२४ बमोजिम सहुँला बुझाउँला ।

मितिः–..................

भवदीय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ६ (क)

(नियम ५ को उप–नियम (२) संग संबन्धित)

### दर्ता भएको बिक्रेता र कूट नैतिक सुविधा प्राप्त व्यक्तिलाई बिक्री गरेको माल सामानको मासिक फांटवारी

व्यक्ति, फर्म वा कम्पनीको नाम.............................

ठेगाना:–.................................

द. सं.............................

श्री कर अफिसर,

.......................अड्डा ।

महोदय,

२०२ साल..............महीनामा दर्ता भएको बिक्रेता र कूट नैतिक सुविधा प्राप्त व्यक्तिलाई बिक्री गरेको माल सामानको मासिक फांटवारी निम्न लेखिएबमोजिमको छ :–

| रसीद बिक्री नं. | बिक्री कर लाग्ने माल सामानको मोल (बिक्री कर बाहेक) | | | | माल खरीद गरी लेजाने दर्ता भएको बिक्रेता र कूटनैतिक सुविधा प्राप्त व्यक्तिको नाम ठेगाना द. संख्या र प्रमाणपत्र संख्या। | कैफियत |
|---|---|---|---|---|---|---|
| | प्र. श. ले. लाग्ने | प्र. श. ले. लाग्ने | प्र. श. ले. लाग्ने | जम्मा | | |
| | | | | | | |
| जम्मा | | | | | | |

उपर्युक्त व्यहोरा ठीक सांचो छ । झुट्ठा ठहरे बिक्री कर ऐन, २०२३ र बिक्रीकर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउँला ।

मितिः– सही...............

३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची ६ (ख)

(नियम ५ को उप–नियम (२) संग सम्बन्धित)

वर्ता भएका विक्रेता र कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई बिक्री गरेको माल सामानको वार्षिक फांटवारी

व्यक्ति, फर्म वा कम्पनीको नामः–.................
ठेगाना................. .....................
फर्मको दर्ता संख्या............................
श्री कर अफिसर,
......................अड्डा ।

महोदय,

२०...................देखि मिति २०.........तक वर्ष १ मा दर्ता भएका विक्रेतालाई र कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई बिक्री गरेको माल सामानको फांटवारी निम्न लेखिए बमोजिमको छः–

यसमा बिक्रीकर ऐन, २०२३ बमोजिम बिक्री कर निर्धारण हवस् र कर लाग्ने ठहरेमा म । हामीलाई कर निर्धारणको आदेश प्राप्त भएपछि सो आदेशमा लेखिएबमोजिम बुझाउनेछु । छौं ।

| महीना | कर लाग्ने माल सामानको मूल्य (बिक्रीकर बाहेक) | | | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | प्र. श. ले. लाग्ने | प्र. श. ले. लाग्ने | प्र. श. ले. लाग्ने | | |
| | | | | | |
| कूल जम्मा | | | | | |

उपर्युक्त उल्लेख गरेबमोजिमको व्यहोरा ठीक छ फरक ठहरे बिक्री कर ऐन, २०२३ र बिक्रीकर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउँला ।

मितिः– सही.................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

नियम ५ को उप–नियम (३) संग सम्बन्धित
माल सामान बिक्री गरी दाखिल गर्न बांकी
रहेको फांटवारी

व्यक्ति, फर्म वा कम्पनीको नामः– .........
ठेगानाः– ........
ब. सं. ............
श्री कर अफिसर,
............ अड्डा ।
महोदय,

............ साल ....... महीना ....... गतेको दिन मैले । हामीले बिक्रीको कारोवार बन्द गरेकोले सो बन्द गरेको मितिसम्म मैले । हामीले बिक्री गरेको माल सामानको सम्बन्धमा दाखिल गर्न बांकी रहेको फांटवारी निम्न लेखिएबमोजि छः–

| रसीद सं. | | बिक्री कर लाग्ने माल सामानको मोल (बिक्री कर बाहेक) | | | | | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरू | आखिरी | प्र.श. ले लाग्ने | | प्र.श. ले लाग्ने | | प्र.श.ले लाग्ने | | | | |
| | | मोल | कर | मोल | कर | मोल | कर | मोल | कर | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

### मौज्दात रहेको माल सामानको फांटवारी

| क्र.सं. | वि. कर लाग्नेमाल सामानको नाम | परिमाण | दर | कूल मूल्य (बिक्री कर बाहेक) | बिक्रीको कारोवार बन्द गर्ने यथार्थ कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मिति ..... ...... ..... ..... मा ...... बैंक । मालमा उपर्युक्त बमोजिमको बिक्री कर दाखिल गरिसकेकोले त्यसको निस्सा यसैसाथ पेश गरेको छु । छौं । यसै फांटवारीमा लेखिएबमोजिम व्यहोरा ठीक सांचो छ । झुट्ठा ठहरे बिक्री कर ऐन, २०२३ र बिक्री कर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउंला ।

मितिः– ............ भवदीय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–८

(नियम ६ को उप–नियम (१) संग सम्बन्धित)

### आर्थिक कर निर्धारण गर्ने फाराम

कर अड्डाको नामः–

---

(१) विक्रेताको नाम.......

(२) विक्रेताको ठेगाना.....

(३) विक्रेताको द. सं. .....

(४) बिक्री कर निर्धारण भएको आर्थिक साल.....

(५) बिक्री कर निर्धारण भएको विक्रेताको आर्थिक साल.......

(६) बिक्री कर निर्धारण गर्ने ऐनको दफा......

### संक्षिप्त विवरण

(१) दाखिल गर्नुपर्ने जम्मा बिक्री कर..... अक्षरेपि.....

(२) दाखिल भइसकेको जम्मा बिक्री कर.....अक्षरेपि......

(३) अब दाखिल गर्नुपर्ने बाँकी बिक्री कर.....अक्षरेपि......

उपर्युक्त रकम रु. ........ अक्षरेपि....... यो आदेश प्राप्त गर्नुभएको ३५ दिनभित्र श्री ५ को सरकार संचित कोषमा दाखिल हुने गरी ....बैंक । मालमा दाखिल गर्नुहोला । यो आदेशमा चित्त नबुझे बिक्री कर ऐन, २०२३ बमोजिम अपील दिन सकिने कुरा सूचित गरिन्छ ।

कर अफिसरको दस्तखतः–

मितिः– कर अड्डाको नामः–

३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–६

नियम ६ को उप–नियम (३) संग सम्बन्धित

श्री प्रमुख कर अफिसरज्यू,
कर अड्डा........

महोदय,
यस कम्पनीले साल महीनामा निम्नबमोजिमको माल कारखानाबाट निकासी गरी अन्तःशुल्कसमेत दाखिला गरेकोले त्यसको विवरण पेश गरेको छु ।

तपसील

| मालको नाम | मालको परिमाण | मालको थोक विक्री गर्ने दर | मालको मोल: अन्तःशुल्क बाहेक | मालको मोल: अन्तःशुल्क | जम्मा | ले थप | मालको कूल मूल्य | विक्री कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

उपर्युक्त ब्यहोरा ठीक सांचो हो झूट्ठा ठहरे विक्री कर ऐन, २०२३ विक्री कर नियमहरू, २०२४ बमोजिम सहुंला बुझाउंला ।

कारखानाको नामः–
दस्तखतः–
दस्तखत गर्नेको नामः–
दर्जाः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१०

नियम ८ को उप–नियम (२) संग सम्बन्धित

**कूटनैतिक सुविधा प्राप्त व्यक्तिलाई दिने प्रमाणपत्र**

पृष्ठ–१

(१) नामः– ........

(२) दर्जाः– ........

(३) संस्थाको नामः– ..........

दस्तखत...........

निर्देशक

---

पृष्ठ–२

फोटो

कूटनैतिक सुविधा प्राप्त व्यक्तिको दस्तखत नमूना ........ दस्तखत..........

परराष्ट्र–मन्त्रालय

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको का. मु. सचिव।

386

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

भन्सार ऐन, २०१९ (संशोधनसहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयो गरी श्री ५ को सरकारले का. इ. बालुवाटारस्थित मोडर्न इंगलिश स्कूलले खरीद गरेको पोरिश एम्बुलेन्सस्यान एकमा भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट् दिएको छ ।

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

नेपाल राष्ट्रबैंक ऐन, २०१२ (संशोधनसहित) को दफा ६ को उप–दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०२४।४।२६ को निर्णयानुसार श्री कुमारमणि आ. दी. तथा श्री मणिहर्षज्योतिलाई नेपाल राष्ट्रबैंकको सञ्चालक समितिको सदस्य पदमा नियुक्ति गरेको छ ।

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको का. मु. सचिव ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।